दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं प्रदेश, नेपाल

मितिः-२०७७/०२/०१

सूचना ! **सूचना ! !** **सूचना ! ! !**

हाल विश्वमा देखा परेको कोरोना भाईरस(COVID-19)को संक्रमणको प्रकोप नियन्त्रण गर्ने कर्तब्य र दायित्व हामी सवैको हो भनि सम्झि आँफू र अरुलाई समेत बचाउँ भन्ने अभिप्राय राखि आ-आफ्नो क्षेत्रबाट देहायमा उल्लेखित विषयको व्यापक प्रचार प्रसार समेत गरी लकडाउनलाई पूर्ण रुपले कार्यान्वयनमा ल्याउने व्यवस्थाको लागि यस नगरपालिकामा बसोवास गर्ने सवै नगरबासीबाट सहयोगको अपेक्षा राख्दै दक्षिणकाली नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

१. यस नगरपालिकामा बसोबास गर्ने महानुभाव, आफन्तहरु उपत्यका बाहिर खास गरी प्रकोप देखा परेका जिल्ला तथा आसपासका जिल्लाहरुमा रहनु भएको भए हाल यस नगरपालिकामा नआई जहाँ रहनु भएको छ केहि समयको लागि सोही ठाउँमा सुरक्षित रुपले बसिदिनु हुन र त्यस्ता व्यक्तिहरुलाई आफन्तहरुले समेत तुरुन्त सूचना प्रवाह गरीदिने व्यवस्थाको लागि अनुरोध छ ।

२. यदि कोही लुकीछिपी आई बसोबास गरी रहेको भए अन्य व्यक्ति परिवार सँग सम्पर्कमा नबसी निश्चित अवधि सम्म सेल्फ क्वारेन्टाईनमा बस्नु भई उपचारको प्रकृया अवलम्वन गरी सो को सूचना दिनु भई कोरोना भाईरसको माहामारी नियन्त्रणमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

३. यस नगरपालिकाको कुनै पनि स्थानमा नयाँ व्यक्तिहरु आई बसोबास गरेको थाहा भएमा वा देखेमा सोको सूचना वडा कार्यालय वा नजिकको प्रहरी इकाई वा नगरपालिकाको सूचना समन्वय शाखामा दिई त्यस्ता व्यक्तिहरुलाई तत्कालै सार्वजनिक रुपमा नहिडन र सेल्फ क्वारेन्टाईनमा बस्न तथा आवश्यक परे उपचारको प्रकृयामा जान सुझाव समेत दिने ।

४. कोही कसैले नेपाल सरकार लगाएत आधिकारिक कुनै निकायले गर्न हुने भनि दिएका विषयमा काम काज गर्दा तोकिएको मापदण्ड पुरा गरी मात्र गर्ने र गराउन लगाउने ।

.....

(काजी कुमार पोखरेल)

प्रमुख प्रशासकीय अधिकृत

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८

Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np